# नेपाल राजपत्र

नेपाल सरकारद्वारा प्रकाशित

खण्ड ७३) काठमाडौं, असोज २६ गते, २०८० साल (अतिरिक्ताङ्क ३१(क)


# भाग ४

## नेपाल सरकार

## प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको

### सूचना -१

माननीय कानून, न्याय तथा संसदीय मामिला मन्त्री श्री धनराज गुरुङ इन्डोनेसियामा आयोजना हुने एसियन-अफ्रिकन कानूनी परामर्शदातृ सङ्गठन (AALCO) को ६१ औं वार्षिक सभामा सहभागी हुन संवत् २०८० साल असोज २६ गते त्यसतर्फ प्रस्थान गर्नु हुने भएकोले उहाँको अनुपस्थितिमा उहाँले सम्हाल्दै आउनु भएको कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयको कार्यभार सम्माननीय प्रधानमन्त्रीले माननीय उपप्रधानमन्त्री एवं रक्षा मन्त्री श्री पूर्णबहादुर खड्काले सम्हाल्ने गरी तोक्नु भएकोले यो सूचना प्रकाशन गरिएको छ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## सूचना -२

मानननीय उपप्रधानमन्त्री एवं गृह मन्त्री श्री नारायणकाजी श्रेष्ठ जनवादी गणतन्त्र चीनमा आयोजना हुने 3rd Belt and Road Forum for International Cooperation (BRF) अन्तर्गत High Level Forum on Green Development विषयक कार्यक्रममा सहभागी हुन संवत् २०८० साल असोज २९ गते त्यसतर्फ प्रस्थान गर्नु हुने भएकोले उहाँको अनुपस्थितिमा उहाँले सम्हाल्दै आउनु भएको गृह मन्त्रालयको कार्यभार सम्माननीय प्रधानमन्त्री स्वयंले सम्हाल्नु हुने भएकोले यो सूचना प्रकाशन गरिएको छ।

## सूचना -३

माननीय भौतिक पूर्वाधार तथा यातायात मन्त्री श्री प्रकाश ज्वाला भारतको मुम्बईमा आयोजना हुने Global Maritime India Summit 2023 (GMIS) विषयक कार्यक्रममा सहभागी हुन संवत् २०८० साल असोज २९ गते त्यसतर्फ प्रस्थान गर्नु हुने भएकोले उहाँको अनुपस्थितिमा उहाँले सम्हाल्दै आउनु भएको भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयको कार्यभार सम्माननीय प्रधानमन्त्रीले माननीय कृषि तथा पशुपन्छी विकास मन्त्री डा. बेदुराम भुसालले सम्हाल्ने गरी तोक्नु भएकोले यो सूचना प्रकाशन गरिएको छ।

**आज्ञाले,**
**लीला देवी गडतौला (निरौला)**
**नेपाल सरकारको सचिव ।**



**मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित । मूल्य रू.५।-**
**गो.हु.द.नं. १६।२०६२।६३**

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।